चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

शान्तिपुर, गुल्मी।

## प्रस्ताव आह्वानको सूचना !!!

प्रथम पटक प्रकाशित मिति २०७७/०२/२०

चालु आर्थिक बर्ष २०७६/७७ मा प्रदेश नं.५ सरकारबाट प्राप्त अनुदानबाट कोभिड बिशेष कृषि कार्यक्रम संचालन गर्नु पर्ने भएकोले इच्छुक कृषक उधमीहरुले तपशिल बमोजिमको शर्तहरुको अधिनमा रही आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०७७/०३/०३ गते) भित्र सम्बधित वडा कार्यालयमा निबेदन दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

प्रावधानहरु :

१. कोभिड लक्षित व्यवसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम। :कार्यक्रममा समावेश हुनेले न्युनतम २ रोपनीमा खेती गर्नु पर्ने छ। तरकारी खेती गर्नको लागि आवश्यक पर्ने बिउ, मल, बिषादी, स-साना औजारहरु, बाली संरक्षण सामाग्री, स्प्रेयर र सिचाईको लागि आवश्यक सामाग्रीहरु खरिद गर्न अनुदान खर्च गर्न सकिने छ।

२. बिदेशबाट फर्केका र व्यवसाय उन्मुख कृषकहरुलाई कृषि बिकास प्रोत्साहन कार्यक्रम । सहभागीहरुले तरकारी खेती, फलफुल खेती, मौरी पालन, च्याउ खेती, कुखुरा पालन, बंगुर वा बाखा पालनको लागि आवश्यक पर्ने बिउ, पाठापाठी, मल, बिसादी, स-साना कृषि औजार, बाली संरक्षण सामाग्री र स्प्रेयर सिंचाईको लागि सामाग्रीहरु खरिद गर्नका साथै प्लास्टिक घर, मौरी गोला, च्याउ घर र गोला साथै खोर निर्माणमा प्रयोग गर्न सकिने छ।

३. बाली उत्पादन र उत्पादकत्व बृद्धिको लागि बिउ उत्पादन, कृषक, कृषक समुह वा सहकारीलाई प्रोत्साहन कार्यक्रम । बिउ उत्पादन (धान, गहुँ, मकै, आलु र तरकारीको बिउ उत्पादन गर्दा मूल बिउ वा श्रोत बिउ खरिद, रसायनिक मल, बिपादी र प्याकिगको लागि चाहिने बोरा खरिद गर्न सकिने छ। बिउ उत्पादन कृषक/समुह/सहकारीले प्रति रोपनी १ हजारका दरले अनुदान रकम खर्च गर्न सक्नेछन्।

कार्यक्रमको लागि मापदण्ड :

| क्र.सं. | विवरण | संख्या/क्षेत्रफल | अनुदान रकम |
|---|---|---|---|
| क. | कोभिड लक्षित व्यवसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम प्रति किसान रु २० हजार | १०० जना | २० लाख |
| ख. | बिदेशबाट फर्केका र व्यवसाय उन्मुख कृषकहरुलाई कृषि बिकास प्रोत्साहन कार्यक्रम प्रति किसान रु २० हजार | १०० जना | २० लाख |
| ग. | बालीको उत्पादन र उत्पादकत्व बृद्धिको लागि बिउ उत्पादन कृषक, कृषक सहकारी वा सहकारीलाई प्रोत्साहन कार्यक्रम। | ३४० रोपनी | ३लाख ४० हजार |

६.पेश गर्नु पर्ने कागजातहरु

क.निवेदन फाराम

ख.निवेदकको नागरिकता वा बिदेशबाट फर्केको भए राहदानीको प्रमाणपत्रको प्रतिलिपि।

ग.अनुसूची ४ मा उल्लेखित ढाँचामा प्रस्ताव

घ.सम्बन्धित वडा कार्यालयको सिफारिस

थप जानकारीको लागि : गिरिराज खत्री ९८६७७२७९१५ प्राविधिक सहायक

*नोटः उपलब्ध गराईने अनुदान रकम खरिद बिल रकमको ७५ % भुक्तानी गरिनेछ।*

२०७७।०२।२०
(कृष्ण प्रसाद भण्डारी)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्री सूचना प्रविधि शाखा : वेबसाइट तथा फेसबुक पेजमा अपलोड गरिदिनुहुन।

श्री ८ वटै वडा कार्यालय : सुचना कार्यालयको सुचना पाटीमा टाँस गरिदिनुहुन।